## मिति २०७७/१२/२४ को ४६ कार्यपालिकाको बैठकका प्रस्तावहरु :

**प्रस्ताव नं.१** : गत महिनाको बैठकका निर्णयहरुको छलफल तथा फागुन महिनाको कार्यहरुको प्रगति समीक्षा सम्बन्धमा ।

**प्रस्ताव नं.२** : विभिन्न कार्यविधिहरु स्वीकृत गर्ने सम्बन्धमा

- गल्कोट नगरपालिकाको संक्षिप्त तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०७७
- गल्कोट नगरपालिकाको सार्वजनिक खर्चमा मितव्ययीता सम्बन्धी निर्देशिका २०७७
- गल्कोट नगरपालिकाको घरवाहाल कर सम्बन्धी कार्यविधि २०७७ ।

**प्रस्ताव नं.३** : विषयगत समितिहरुमा सदस्यहरु थप गर्ने सम्बन्धमा

**प्रस्ताव नं.४** : गल्कोट नगरपालिकाको सार्वजनिक लेखा समिति गठन गर्ने सम्बन्धमा ।

**प्रस्ताव नं.५** : अन्तरसरकारी वित्त हस्तान्तरणका लागि गण्डकी प्रदेशमा आयोजना पेश गर्ने सम्बन्धमा

**प्रस्ताव नं.६** : वालमैत्री नगर घोषणा सम्बन्धी हालसम्मको जानकारी र आगामी कार्ययोजना सम्बन्धमा

**प्रस्ताव नं.७** : फागनु महिनाको चालु तथा पुंजीगत शिर्षकमा भएको खर्च अनुमोदन सम्बन्धमा ।

**प्रस्ताव नं.८** : विविध सम्बन्धमा ।

आज मिति २०७७।१२।२४ गते गलकोट नगरपालिकाका नगरप्रमुख भरत शर्माको अध्यक्षतामा बसेको नगरकार्यपालिकाको ४६ औं वैठकमा भएको उपस्थिति तपसिल बमोजिम रहेको छ।

तपसिल :

| क्र.स | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भरत शर्मा | नगर प्रमुख | |
| २ | रेणुका काउचा मगर | नगर उपप्रमुख | |
| ३ | ~~नेत्रवहादुर वुढाथोकी~~ पदम कार्कि | वडा अध्यक्ष १ | |
| ४ | हिमवहादुर भण्डारी | वडा अध्यक्ष २ | |
| ५ | विरजंग भण्डारी | वडा अध्यक्ष ३ | |
| ६ | बलवहादुर खत्री | वडा अध्यक्ष ४ | |
| ७ | नारायणध्वज मल्ल | वडा अध्यक्ष ५ | |
| ८ | ~~नरवहादुर खत्री~~ मिन बहादुर विक | वडा अध्यक्ष ६ | |
| ९ | टिकावहादुर थापा | वडा अध्यक्ष ७ | |
| १० | राम प्रसाद कंडेल | वडा अध्यक्ष ८ | |
| ११ | तेज बहादुर थापा | वडा अध्यक्ष ९ | |
| १२ | तिलक घर्ती मगर | वडा अध्यक्ष १० | |
| १३ | डम्वरवहादुर श्रीस | वडा अध्यक्ष ११ | |
| १४ | कमलाकुमारी ढकाल | कार्यपालिका सदस्य | |
| १५ | रत्नकला अधिकारी | कार्यपालिका सदस्य | |
| १६ | राधिका पुन | कार्यपालिका सदस्य | |
| १७ | विष्णु वि.क. | कार्यपालिका सदस्य | |
| १८ | शिवकुमारी खत्री | कार्यपालिका सदस्य | |
| १९ | गणेश शेरचन | कार्यपालिका सदस्य | |
| २० | नारायण नेपाली | कार्यपालिका सदस्य | |
| २१ | लक्ष्मी सुनार | कार्यपालिका सदस्य | |
| २२ | हरि प्रसाद शर्मा | प्रमुख प्रशासकीयक अधिकृत | |
| | अन्य उपस्थिति | | |
| १ | रुद्रनारायण सापकोटा | उप सचिव | |
| २ | तुल बहादुर बि.क. | प्रशासकीय अधिकृत | |
| ३ | बाबुराम शर्मा | सहायकस्तर पाँचौं | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**निर्णय नं.१ :** गत बैठकको निर्णयहरुको बारेमा छलफल गरी अधिकांश निर्णयहरु कार्यान्वयनमा रहेको तथा अन्यको थप प्रभावकारी रुपमा कार्यान्वयन गर्ने फागुन महिनामा भएको कार्यहरुको बारेमा समेत समीक्षा गरी प्रभावकारी रुपमा अगाडी बढाउने निर्णय गरियो

**निर्णय न.२ :** बैठकमा पेश हुन आएको तपसिल बमोजिमका कार्यविधिहरु माथि दफावार छलफल पश्चात थप संशोधन सहित सर्वसम्मत रुपमा स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

१.गल्कोट नगरपालिकाको संक्षिप्त तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०७७

२.गल्कोट नगरपालिकाको खर्चमा मितव्ययीता सम्बन्धी निर्देशिका २०७७

३.गल्कोट नगरपालिकाको घरवाहाल कर सम्बन्धी कार्यविधि २०७७

**निर्णय नं.३ :** नगरपालिका अन्तर्गत गठन भएको विषयगत समितिहरुमा तपसिल बमोजिमको सदस्य थप गर्ने निर्णय गरियो साथै उक्त समितिहरुमा सदस्य सचिवको रुपमा कार्य गर्ने तपसिल बमोजिमको कर्मचारीहरुलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

<u>तपसिल :</u>

आर्थिक विकास समिति : सदस्य भिम बहादुर बि.क.वडा सदस्य वडा नं.६

सदस्य सचिव श्री हरिदत्त सुवेदी पशु स्वास्थ्य अधिकृत

पूर्वाधार विकास समिति : सदस्य डम्मर बहादुर श्रीस मगर वडा अध्यक्ष वडा नं.११

सदस्य सचिव श्री वलविक्रम दाहाल ईन्जिनियर

सामाजिक विकास समिति : सदस्य श्री घनश्याम कुंवर वडा सदस्य वडा नं.२

सदस्य सचिव श्री रुद्रनारायण सापकोटा उप सचिव दशौं तह ।

वन वातावरण तथा विपद व्यवस्थापन समिति : सदस्य श्री रुद्र प्रसाद सुवेदी वडा सदस्य वडा नं.४

सदस्य सचिव श्री राजन कंडेल अधिकृत छैंठौं

संस्थागत विकास तथा सुशासन समिति : सदस्य श्री भिम कुमारी बि.क. वडा सदस्य वडा नं.८

सदस्य सचिव श्री तुल वहादुर बि.क. प्रशासकीय अधिकृत

**निर्णय नं. ४ :** गल्कोट नगरपालिकाको सार्वजनिक लेखा समिति आगामी कार्यपालिकाको बैठकबाट गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :** गण्डकी प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयबाट आ.व.०७८/७९ को लागि माग भएको अन्तरसरकारी वित्त हस्तान्तरणको लागि तपसिल बमोजिमको आयोजना तथा कार्यक्रम स्वीकृतीका लागि पेश गर्ने निर्णय गरियो ।

**सशर्त अनुदान तर्फ :** १.रगेनी तोरीखोला ठान मजुवा मोटरबाटो क्रमागत

२.नरेठांटी दुदिलाभाटी १ नं.वडा कार्यालय सम्मको मोटरबाटो कालोपत्रे

**विशेष अनुदान तर्फ :** १.वालमैत्री शासन तथा प्रविधिमैत्री विधालय शिक्षा कार्यक्रम क्रमागत

२.विपन्न,अल्पसंख्यक तथा पिछडिएका महिला उत्थान कार्यक्रम

**समपुरक अनुदान तर्फ :** १.मल्म देखी ११ नं.वडा कार्यालय सम्म सडक स्तारोन्नति

२.डाडांखेत देखी ४ नं.वडा कार्यालय सम्मको सडक कालोपत्रे ।

**निर्णय नं. ६** : वालमैत्री नगर घोषणा तथा अवलम्बनको लागि नगरपालिकाले हालसम्म गरेका कार्यहरु वाल प्रोफाईलको लागि तथ्यांक संकलनको कार्य सम्पन्न भएको प्राफाईल तयरीको अन्तिम तयारी गर्नुपर्ने, वालमैत्री आचारसंहिता सहितका भनाईहरु प्रत्येक विधालय र टोलहरुमा पुर्‍याईएका, वालविवाह न्युनीकरणका लागि प्रयास भई दुईवटा वाल विवाह रोक्न सफल भएको विषयमा समीक्षा गरी वाल वस्तुगत विवरण तयार गरी अन्य कार्य अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.७** : फागनु महिनामा चालु, पुंजीगत र अन्य शिर्षकमा भएको खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.८** : भूमिहिन दलित, मुमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोवासीको लगत संकलन सम्बन्धी कार्यविधि २०७७ को दफा ३(१) बमोजिम लगत संकलन प्रमाणीकरण तथा नाप नक्सा गर्ने कार्यमा सहयोग र सहजीकरण गर्न यस नगरपालिकामा देहाय बमोजिमको भूमि सम्बन्धी सहजीकरण समिति गठन गर्ने तथा कार्यविधिका दफा३(२) बमोजिम नगरपालिकाको ११ वटै वडामा वडास्तरीय भूमि सम्बन्धी समस्या समाधान सहजीकरण समिति गठन गर्ने व्यवस्था गर्ने निर्णय गरियो ।

**देहाय :**

नगर प्रमुख श्री भरत शर्मा संयोजक
नगर उप प्रमुख श्री रेणुका काउचा मगर उप संयोजक
ने.क.पा.(एमाले) श्री
नेपाली कांग्रेस प्रतिनिधि श्री
ने.क.पा.माओवादी केन्द्र प्रतिनिधि श्री
राष्ट्रिय जनमोर्चा प्रतिनिधि श्री
कार्यपालिका सदस्य श्री
कार्यपालिका सदस्य श्री
भूमि अवास लगायतका क्षेत्रमा काम गरिरहेका संघ संस्था वा नागरिक समाजका प्रतिनिधि श्री
भूमि अवास लगायतका क्षेत्रमा काम गरिरहेका संघ संस्था वा नागरिक समाजका प्रतिनिधि श्री
प्रमुख प्रशासकीय अधिकृत श्री हरि प्रसाद शर्मा - सदस्य सचिव

**निर्णय नं. ९** : यस नगरपालिका वडा नं.२ नरेठांटीको खालीखोला धैंसामारे भन्ने स्थानमा ढुंगा गिटी वालुवा उत्खनन गरेको भनी जिल्ला प्रशासन कार्यालय बागलुङमा उजुरी परेकोमा उक्त स्थानमा वाढी पहिरोको कारण खोलाकिनारका जग्गाहरु पुरिएको र स्थानीय जग्गाधनीहरुले वडा कार्यालयमा दिएको निवेदनको आधारमा वडा कार्यालयको सिफारिस अनुसार पहिरो पन्छाउने कार्य भएकोले सम्बन्धित उजुरीकर्ताको जग्गा बाहेक अन्य जग्गाधनीको माग अनुसार वडा कार्यालयको सिफारिमा खेतीयोग्य जमिन सफा गर्नका लागि अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. १०** : यस नगरपालिका अन्तर्गत वडा नं.११ मा रहेको रिघा स्वास्थ्य चौकीको लागि आ.व.०७७/७८ मा वडाको स्वास्थ्य तर्फ विनियोजित बजेट मार्फत तलब भत्ता भुक्तानी गर्ने गरी ल्याव असिष्टेन्ट को पदपुर्ति गर्ने व्यवस्था गर्ने निर्णय गरियो ।

हरि प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत